**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- भारतले अन्डर-19 विश्व कप क्रिकेटमा इंगल्याण्डलाई 100 रनले पराजित गरि खिताब आफ्नो नाम गरेको छ। आइसीसी विश्क कप टी-20 क्रिकेट आज देखि शुरू हुन्दै छ।
- राष्ट्रपति द्रौपदी मुर्मुले आज जगदलपुरमा आदिवासी सांस्कृतिक महोत्सव बस्तर पन्डुम 2026 को उद्घाटन गर्नु हुने छ।
- केन्द्रीय गुहमंत्री अमित शाह आज देखि तीन दिने छत्तीसगढ़को भ्रमणमा जाँदै हुनु हुन्छ।
- भारतले सफलताका साथ अग्नि-3 मध्यमदुरीको ब्यालिस्टिक मिसाइलको परीक्षण गरेको छ।
- अमेरिका र इरान बीच ओमानमा हिजो अप्रत्यक्ष वार्ता भएको छ।
- अमेरिकाले रूससित परमाणु हथियार न्युनीकरण समझौता गर्ने आग्रह गरेको छ जसमा चीन पनि सामेल होस।

**अंडर-19 क्रिकेट विश्व कप जीत**

भारतले **अंडर-19 क्रिकेट विश्व कप 2026 को** उपाधि आफ्नो नाम गरेको छ। जिम्बाब्वेको हरारेमा खेलिएको फाइनलमा भारतले इंग्लैंडलाई एक सय रनले पराजित गरेर रिकॉर्ड छैटौ चोटी च्याम्पियन बनेको छ। टॉस जितेर पहिले ब्याटिंग गरेको भारतको तर्फबाट वैभव सूर्यवंशीले 80 बलमा रिकॉर्ड 175 रन बनाए, कप्तान आयुष म्हात्रेले 53 रनको पारी खेले जसको फलस्वरुप भारतले निर्धारित 50 ओवरमा नौ विकेट गुमाएर 411 रन बनाए|
412 रनको लक्ष्यलाई खेदो गर्दै, इंग्लैंड 40 ओवरमा 311 रन बनाएर अल आउट भयो। इंग्लैंडका लागि, कालेब फाल्कनरले 115 रन बनाए|

**राष्ट्रपति-उपराष्ट्रपति-पीएम विश्व कप**

भारतीय टीमले रिकॉर्ड छैटौ चोटी अंडर-19 आईसीसी विश्व कप जितेकोमा राष्ट्रपति द्रौपदी मुर्मु, उप-राष्ट्रपति सी.पी. राधाकृष्णन अनि प्रधानमंत्री नरेंद्र मोदीले बधाई दिएको छ। राष्ट्रपति मुर्मुले सोशल मीडिया पोस्टमा, टीमलाई टूर्नामेंटभरि अपराजित रहेकोमा बधाई दिनुभयो। उप-राष्ट्रपतिले फाइनलमा वैभव सूर्यवंशीको दमदार पारीको सराहना गर्नुभयो।प्रधानमंत्री मोदीले टूर्नामेंटभरि खिलाड़िहरुको असाधारण कौशल अनि प्रदर्शनको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो यो जीतले युवा खिलाड़िहरुलाई प्रेरित गर्नेछ।

**बी.सी.सी.आई. - आई.सी.सी. अंडर-19**

भारतीय क्रिकेट कंट्रोल बोर्ड- **बी.सी.सी.आई.** ले जीत हासिल गरेका भारतीय पुरुष टीमलाई बधाई दिएको छ**बी.सी.सी.आई.**ले एक बयानमा भनेको छ, जिम्बाब्वेमा यो जीतले टूर्नामेंटको इतिहासमा भारत सबैभन्दा सफल टीमको रूपमा स्थिति अझ बलियो गर्न सफल बनेको छ अनि यो एक दुर्लभ उपलब्धि हो। यस समय भारतसित **आई.सी.सी. अंडर-19 पुरुष** अनि **महिला** दुवै विश्व कप उपाधि छ।
**बी.सी.सी.आई.**ले मुख्य कोच **ऋषिकेश कानितकर** अनि उनको सहायक स्टाफलाई टीमको स्पष्ट अनि उद्देश्यपूर्ण मार्गदर्शन गरेकोमा हार्दिक धन्यवाद दिएको छ। **बी.सी.सी.आई.**ले वी.वी.एस. लक्ष्मणलियो पनि भारतको आयु वर्गको क्रिकेट तंत्रका लागि उनको दृष्टिकोण अनि कार्ययोजनाका लागि बधाई दिएको छ।

## आई.सी.सी. टी-20 विश्व कप

भारत अनि श्रीलंकामा हुने **आई.सी.सी. पुरुष टी-ट्वेंटी विश्व कप 2026** आजबाट शुरू हुनेछ। एक महीना सम्म चल्ने यस टूर्नामेंट 8 मार्च सम्म चल्ने छ| जसमा 20 अंतरराष्ट्रीय टीमले दुई देशको स्टेडियमहरुमा 55 मैच खेल्नेछ।
पहिलो मैच कोलंबोको सिंहली स्पोर्ट्स क्लबमा खेलिने छ, जहाँ पाकिस्तानको भिडन्त नीदरलैंडसित हुनेछ। हालको चैंपियन भारतले आजदेखि नै मुंबईको प्रसिद्ध वानखेड़े स्टेडियममा अमरीका बिरुद्ध आफ्नो अभियान शुरू गर्नेछ।
भारतले पुरुष टी-20 वर्ल्ड कपको खिताब सफलतापूर्वक बचाउने पहिलो टीम बनेर इतिहास रच्ने लक्ष्य राख्नेछ।

## २० क्रिकेट विश्वकप २०२६ प्रशारण

आकाशबाणीले आइसीसी पुरुष टी-२० क्रिकेट विश्वकप २०२६ का खेलहरू हिन्दी र अंग्रेजीमा प्रत्यक्ष प्रसारण गर्नेछ। खेलहरू भारत र श्रीलंकामा खेलिनेछन्। सेमिफाइनल र फाइनल सहित भारतका सबै खेलहरूको प्रत्यक्ष कभरेज साँझ ६:३० बजेदेखि राति ११:०० बजेसम्म वा खेल समाप्त नभएसम्म उपलब्ध हुनेछ। सबै खेलहरू एफएम रेन्बो नेटवर्क, प्राथमिक च्यानलहरू र एलआरएस स्टेशनहरूमा प्रसारण गरिनेछ।

## प्रधानमंत्री-कुआलालंपुर

प्रधानमंत्री नरेन्द्र मोदी आजदेखि दुई दिने मलेशिया यात्रामा जानु हुनेछ। यात्रा अवधि दुवै पक्षले आफ्नो रणनीतिक साझेदारी सहित अन्य क्षेत्रहरुमा संबंधलाई बलियो गर्नेमा चर्चा गर्नेछ। मलेशियामा भारतका उच्चायुक्त बी.एन. रेड्डीले भन्नुभयो, दुवै पक्ष बीचको बातचीतमा व्यापार अनि अर्थव्यवस्था, उदाउदो प्रौद्योगिकिहरु, ऊर्जा अनि शिक्षाको मुद्दा प्रमुख हुनेछ, किनभने दुवै देश नयाँ क्षेत्रहरुमा आफ्नो संबंधहरुलाई विस्तार गर्न चाहन्छ। प्रधानमंत्री मोदीले प्रवासी भारतीय समुदायसित भेट गर्नुहुनेछ। राजधानी कुआलालंपुरमा **सेलामत दातंग मोदी जी** कार्यक्रम हुनेछ जसले दुई देशका मानिसहरुको प्रगाढ संबंध दर्शाउदछ। यस कार्यक्रममा ठूलो संख्यामा मानिसहरुको उपस्थितिको संभावना छ। कार्यक्रममा, मलेशियाका कलाकारहरुले सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्नेछ। यस सामुदायिक कार्यक्रमलाई प्रधानमंत्री नरेंद्र मोदीले अनि मलेशियाका प्रधानमंत्री अनवर इब्राहिमले संयुक्त रूपले संबोधित गर्नेछन्। दुवै पक्ष बीच शिष्टमंडल स्तरको वार्ता हुनेछ अनि समझौताको आदान-प्रदान गरिनेछ।

## राष्ट्रपति - बस्तर पंडुम-2026

राष्ट्रपति द्रौपदी मुर्मूले आज जगदलपुरमा भव्य आदिवासी सांस्कृतिक उत्सव **बस्तर पंडुम-2026 को** उद्घाटन गर्नुहुनेछ। आदिवासी विरासतको सांस्कृतिक संगमको रूपमा प्रसिद्ध, संभागीय स्तरको **बस्तर पंडुम** 9 फरवरीसम्म चल्नेछ। आदिवासी समुदायको यो तीन दिवसीय उत्सवले स्वदेशी समुदायको जीवन शैली, मान्यताहरु, रीति-रिवाजहरु अनि समृद्ध सांस्कृतिक विरासतलाई प्रदर्शित गर्दछ। लोक कला, स्थानीय परंपराहरु अनि पैतृक प्रथाहरुसित गहिराईबाट जोडिएको, **बस्तर पंडुमले** आदिवासी समुदायको पहिचान, गौरव अनि विरासतलाई मजबूत गर्नका लागि एक ज़रूरी मंचको रूपमा कार्य गर्दछ।
राष्ट्रपति मुर्मूसहित उद्घाटन समारोहमा धेरै गण्यमान्य व्यक्ति उपस्थित रहने निश्चित छ|

## अमित शाह - छत्तीसगढ़

गृह तथा सहकारिता मंत्री अमित शाह आजदेखि तीन दिनको छत्तीसगढ़ भ्रमणमा जानुहुनेछ। भ्रमण अवधि, श्री शाहले राज्यमा आंतरिक सुरक्षा, वामपंथी उग्रवादको समीक्षा, विकास संवाद अनि सांस्कृतिक कार्यक्रमहरुसित संबंधित कार्यक्रमहरुमा भाग लिनुहुनेछ। भ्रमणको पहिलो **दिन**, श्री शाहले रायपुरमा वरिष्ठ अधिकारिसित एक महत्वपूर्ण बैठक गर्नुहुनेछ, जसमा राज्यसित संबंधित विभिन्न प्रशासनिक अनि सुरक्षा संबंधी मुद्दोंमा चर्चा गरिनेछ। भोलि, श्री शाहले रायपुरमा वामपंथी उग्रवादमाथि एक उच्च-स्तरीय सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ। बैठकमा केंद्र अनि राज्य सरकारका वरिष्ठ अधिकारी अनि सुरक्षा एजेंसिका प्रतिनिधिहरुले भाग लिनेछ। त्यसपछि गृह मंत्रीले साप्ताहिक पत्रिका **ऑर्गनाइज़र**का भारत प्रकाशन द्वारा आयोजित **"छत्तीसगढ़ @ 25: शिफ्टिंग द लेंस"** नामक राष्ट्रीय सम्मेलनमा **मुख्य अतिथिको** रूपमा सामेल हुनुहुने छ। भ्रमणको अंतिम

दिन, **सोमवार**, श्री शाह जगदलपुर, बस्तरमा **बस्तर पंडुम महोत्सव-2026 को** समापन समारोहमा सामेल हुनुहुनेछ। यो महोत्सव बस्तरको समृद्ध आदिवासी संस्कृति, परंपरा अनि लोक विरासतको संरक्षण अनि प्रचारको प्रतीक हो।
गृह तथा सहकारिता मंत्रीको यो भ्रमणले छत्तीसगढ़मा सुरक्षालाई मजबूत गर्न, विकासलाई टेवा दिन अनि आदिवासी संस्कृतिलाई संरक्षित गर्नका लागि केंद्र सरकारको प्रतिबद्धतालाई रेखांकित गर्दछ।

**रक्षा - अग्नि-३**

ओडिशाको चाण्दीपुरमा रहेको एकीकृत परीक्षण केन्द्रबाट अग्नि-३ मध्यम दूरीको ब्यालिस्टिक क्षेप्यास्त्रको सफलतापूर्वक परीक्षण हिजो गरिएको छ। परीक्षणले सबै सञ्चालन र प्राविधिक मापदण्डहरू पूरा गरेको रक्षा मन्त्रालयले बताएको छ। मन्त्रालयले यो पनि भन्यो कि परीक्षण रणनीतिक बल कमाण्डको पर्यवेक्षणमा गरिएको थियो।

**माओवादी - मारिए**

भामरागड महकुमामा छत्तीसगढ-महाराष्ट्र सीमा नजिकै फोदेवाडा गाउँमा सुरक्षा बलहरूसँगको मुठभेडमा वरिष्ठ कमाण्डर प्रभाकरसहित सात माओवादी मारिएका थिए। फेब्रुअरी ३ मा सुरु भएको गोलीबारीमा C-60 कमाण्डो, केन्द्रीय रिजर्भ पुलिस बल (CRPF) र र्‍यापिड एक्सन फोर्सका टोलीहरू संलग्न थिए। डिभिजनल कमिटी सदस्य प्रभाकरमाथि २५ लाख रुपियाँ (२५ लाख रुपैयाँ) पुरस्कार राखिएको थॅायो र उ तेलंगानाको कामरेड्डीका बासिन्दा थियो। सुरक्षा बलले घटनास्थलबाट तीनवटा एके-४७ राइफल, एउटा स्वचालित राइफल र एउटा .३०३ राइफल बरामद गरेको छ। संयुक्त कारबाहीमा सी-६० सिपाही दीपक चिन्ना मडावी शहीद भएका छन् भने गोलीबारीमा अर्का एक सिपाही घाइते भएका छन् र उनको अवस्था स्थिर रहेको बताइएको छ।

**<u>फ्रांस - ईरान - अमरीका तनाव</u>**

फ्रांसका विदेश मंत्री **बैरोत**ले भन्नुभएको छ, यदी ईरान अनि अमरीका बीच क्षेत्रीय तनाव बढ़यो भने, मध्य-पूर्वमा ईरान-समर्थित समूहहरुले क्षेत्रलाई **अ-**स्थिर हुनबाट जोगाउनका लागि **अधिक संयम अपनाउन पर्नेछ। जीन-नोएल बैरोतले यो** टिप्पणि बेरूतमा गर्नुभएको हो, जहां उहाँ सीरिया अनि इराकको भ्रमणपछि पुगेका थिए। उहाँको यो भ्रमण यस्तो समयमा भएको छ जब अमरीका अनि ईरानले ओमानमा तेहरानको परमाणु कार्यक्रममा बातचीतको उपायलाई लिएर अ-प्रत्यक्ष बातचीत गरे। क्षेत्रमा यो चिंता कायम छ कि अमरीकाले ईरान आक्रमण गरेभने, इराक, यमन अनि लेबनानमा ईरान-समर्थित समूह युद्धमा सामेल हुन सक्नेछ, जसले स्थिति **अझ खराब** हुन सक्नेछ।

**अमेरिका-रूस आणविक सन्धि**

अमेरिका र रूस बीचको रणनीतिक हतियार न्यूनीकरण सन्धि, नयाँ स्टार्टको लागि समयसीमा हिजो समाप्त भएपछि अमेरिकाले नयाँ हतियार नियन्त्रण सम्झौताको लागि आह्वान गरेको छ।रुसले यस उत्तराधिकारी सन्धिमाथि वार्ताको लागि समय दिन दुवै पक्षले स्वेच्छाले सम्झौताको अवधि एक वर्ष बढाउन भनि प्रस्ताव गरेको थियो। यद्यपि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जाल पोस्टमा नयाँ सन्धि सम्पन्न गर्नुपर्ने बताएका छन्।२०१० मा हस्ताक्षर गरिएको र २०२६ सम्म विस्तार गरिएको नयाँ स्टार्ट सन्धिले तैनाथ आणविक हतियार र रणनीतिक वितरण प्रणालीहरूलाई सीमित गर्दछ। यो सन्धि 5 फरवरी 2011 मा लागू भएको थियो, जसको मूल वैधता अवधि १० वर्षको थियो र पछि 5 फरवरी 2026 सम्म यसको विस्तार गरिएको थियो।

**<u>जयशंकर - ग्रीस</u>**

**विदेशमन्त्री डा. एस. जयशंकरले हिजो नयाँ दिल्लीमा ग्रीसका राष्ट्रिय रक्षामन्त्री निकोस डेन्डियाससँग विभिन्न रणनीतिक र सुरक्षा मुद्दाहरूमा व्यापक वार्ता गर्नु भयो। एक सामाजिक सञ्जाल पोस्टमा डा. जयशंकरले श्री डेन्डियासको अन्तर्दृष्टि र मूल्याङ्कनको प्रशंसा गर्नु भयो।**